नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

☎ ०६५- { ५६०१३३ ५६०१०९ ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या -:०७७/७८
चलानी नम्बर -: ५६१७
प्राप्त पत्र संख्या

मिति: २०७८।०१।२७

विषयः निर्णय प्रति पठाईएको सम्बन्धमा ।

श्री गृह मन्त्रालय
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)
सिंहदरबार, काठमाण्डौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
गण्डकी, प्रदेश पोखरा, कास्की ।
श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, कास्की ।
श्री जिल्ला स्थित सरकारी कार्यालय सुरक्षा निकायहरु सवै, तनहुँ ।
श्री जिल्ला स्थित संचारकर्मीहरु सवै, तनहुँ ।

प्रस्तुत विषयमा मिति २०७८।०१।२७ गतेका दिन प्रमुख जिल्ला अधिकारी सागर आचार्यज्युको अध्यक्षतामा बसेको जिल्ला कोभिड-१९ कोरोना संक्रमण महामरी रोकथाम तथा नियन्त्रणका विषयमा जिल्ला स्थित अस्पतालका प्रमुखहरु र स्थानीय तहका स्वास्थ्य शाखाका प्रमुखहरुको समन्वय बैठकको निर्णय प्रति पाना ३ यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०७८।१।२७

(चित्राङ्गत बराल)
सहायक प्रमुख जिल्ला अधिकारी

आज मिति २०७७ वैशाख २७ गते बिहान ८:०० बजे कोभिड-१९ कोरोना संक्रमण महामारी रोकथाम तथा नियन्त्रणका विषयमा जिल्ला स्थित अस्पतालका प्रमुखहरु र स्थानीय तहका स्वास्थ्य शाखाका प्रमुखहरुको समन्वय बैठक तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सागर आचार्यको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितीमा देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती

| सि.नं. | नाम, थर | पद | संस्थाको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री सागर आचार्य | प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, तनहुँ | |
| २. | श्री शान्तिरमण वाग्ले | प्रमुख | जिल्ला समन्वय समिति, तनहुँ | |
| ३. | श्री चित्राङ्गत बराल | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय, तनहुँ | |
| ४. | डा. राम कुमार श्रेष्ठ | निर्देशक | जी.पी. कोईराला स्वास प्रश्वास केन्द्र बेलचौतारा, तनहुँ | |
| ५. | श्री अरुण पौडेल | प्र.उ. | जिल्ला प्रहरी कार्यालय, तनहुँ | |
| ६.. | श्री उज्वल पौडेल | अध्यक्ष | नेपाल पत्रकार महासंघ, तनहुँशाखा | |
| ७. | डा. सुनिल पौडेल | मे.सु. | दमौली अस्पताल, तनहुँ | |
| ८. | डा. विमल दुवाडी | मे.सु. | बन्दिपुर अस्पताल, तनहुँ | |
| ९. | श्री शंकरबाबु अधिकारी | कार्यालय प्रमुख | स्वास्थ्य कार्यालय, तनहुँ | |
| १०. | प्रमोद सौती | स्वा.शाखा प्रमुख | व्यास नगरपालिका, तनहुँ | |
| ११. | किरण श्रेष्ठ | स्वा.शाखा प्रमुख | भानु नगरपालिका, तनहुँ | |
| १२. | तापसी भिरडेल | स्वा.शाखा प्रमुख | शुक्लागण्डकी नगरपालिका, तनहुँ | |
| १३. | मनुराज वाग्ले | स्वा.शाखा प्रमुख | भिमाद नगरपालिका, तनहुँ | |
| १४. | लोक ब. थापा मगर | स्वा.शाखा प्रमुख | ऋषिङ गाउँपालिका, तनहुँ | |
| १५. | | स्वा.शाखा प्रमुख | आबुँखैरेनी गाउँपालिका, तनहुँ | |
| १६. | आरती श्रेष्ठ | स्वा.शाखा प्रमुख | बन्दिपुर गाउँपालिका, तनहुँ | |
| १७. | तिलक [illegible] | स्वा.शाखा प्रमुख | म्याग्दे गाउँपालिका, तनहुँ | |
| १८. | कृष्ण प्र. रिमाल | स्वा.शाखा प्रमुख | घिरिङ गाउँपालिका, तनहुँ | |
| १९. | प्रदिप कु. [illegible] | स्वा.शाखा प्रमुख | देवघाट गाउँपालिका, तनहुँ | |
| २०. | | | | |
| २१. | | | | |
| २२. | | | | |

जिल्ला अधिकारी

बैठकका एजेण्डाहरु

१. समन्वय र सहयोग सम्बन्धमा ।

२. अनुगमन र परामर्श सम्बन्धमा ।

३. एम्बुलेन्सको व्यवस्थापन सम्बन्धमा ।

४. स्वास्थ्य संस्थामा आईसोलेशन वेडको प्रबन्ध सम्बन्धमा ।

५. स्वास्थ्य सामाग्री र सव व्यवस्थापनका आवश्यक समाग्रीको प्रबन्ध मिलाउने सम्बन्धमा ।

६. सूचना व्यवस्थापन सम्बन्धमा ।

निर्णय नं. १

समन्वय र सहयोग सम्बन्धमा छलफल हुँदा होम आईसोलेशनमा र स्वास्थ्य संस्थामा रहेका संक्रमितहरुसँग स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखले निरन्तर सम्पर्कमा रहने र संक्रमितलाई थप उपचारका लागि अस्पताल सम्म लैजान पर्दा सम्बन्धित अस्पतालका प्रमुखसँग स्वास्थ्य शाखा प्रमुखले समन्वय गर्ने । तनहुँका अस्पतालमा उपचार गराउने सम्बन्धमा अस्पतालमा उपलब्ध सेवा र शैयालाई मध्यनजर गरि पठाउने एवं सबै स्थानीय तहमा रहने स्वास्थ्य संस्थाका आईसोलेशनमा विरामीको अवस्था र दिनु पर्ने सेवाको आधारमा संक्रिमतको उपचारको प्रबन्ध गर्ने । संक्रमितलाई उपचारका लागि पोखरा र अन्य अस्पतालमा पठाउनु पर्दा स्वास्थ्य कार्यालय, तनहुँका प्रमुखसँग समन्वय गरि पठाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. २

अनुगमन र परामर्श सम्बन्धमा छलफल हुँदा स्थानीय तहमा स्वास्थ्य शाखा प्रमुख रहने गरि गठन भएको अनुगमन समितिले होम आईसोलेशन र क्वारेण्टाईनको अनुगमन गर्ने । अनुगमन गर्दा होम आईसोलेशनमा रहेका संक्रमित र क्वारेण्टाईनमा रहेका व्यक्तिहरुले स्वास्थ्य र सुरक्षाको मापदण्ड गरेको नपाइएमा सम्झाउने बुझाउने र सो गर्दा समेत नमानेमा कानून अनुसार कारवाहि गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

एम्बुलेन्सको व्यवस्थापन सम्बन्धमा छलफल हुँदा प्रत्येक स्थानीय तह अन्तर्गत रहेका एम्बुलेन्सलाई तयारी अवस्थामा राख्ने एवं संक्रमितलाई जति सुकै बेला अस्पताल लैजानु पर्दा स्वास्थ्य शाखा प्रमुखको निर्देशनमा एम्बुलेन्स चल्ने व्यवस्था मिलाउने। आफ्नो स्थानीय तह अन्तर्गत संचालित एम्बुलेन्सले यस्तो अवस्थामा पनि अटेर गरेमा कारवाहीको लागि सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. ४

स्वास्थ्य संस्थामा आईसोलेशन बेडको प्रबन्ध सम्बन्धमा छलफल हुँदा २०७८।०१।२६ गते भएको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको निर्णय अनुसार आ-आफ्ना स्थानीय तहमा रहेका स्वास्थ्य संस्थामा सके सम्म धेरै आईसोलेशन बेडको प्रबन्ध गर्न स्थानीय कार्यपालिकासँग समन्वय गर्ने निर्णय गरियो।

निर्णय नं. ५

स्वास्थ्य सामाग्री र सव व्यवस्थापनका आवश्यक समाग्रीको प्रबन्ध मिलाउने सम्बन्धमा छलफल हुँदा प्रत्येक स्वास्थ्य संस्थामा पर्याप्त स्वास्थ्य समाग्री र औषधिको प्रबन्ध गर्ने। प्रत्येक स्थानीय तहले आ-आफ्नो स्थानीय तहमा हुन सक्ने संक्रमितको मृत्यु भएको खण्डमा सव व्यवस्थापन गर्न आवश्यक पर्ने सवारी साधन, सव वाहन, पि.पि.ई., डेड वडी व्याग लगायतको सम्पूर्ण सामाग्रीको व्यवस्था स्थानीय तहले गर्ने कानून प्रबन्ध भएकोले अग्रीम तयारीमा रहने निर्णय गरियो।

निर्णय नं. ६

सूचना व्यवस्थापन सम्बन्धमा छलफल हुँदा स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखले स्वाव संकलन, संक्रमितको अवस्था, संख्या र अन्य महत्वपूर्ण विषयको सूचना यथासमयमै स्वास्थ्य कार्यालय, तनहुँलाई जानकारी गराउने र स्वास्थ्य कार्यालयले जिल्ला प्रशासन कार्यालय र अन्य सम्बन्धित निकायमा समयमै सूचना दिने निर्णय गरियो।